आसमान

आवाज-२०६८



आसमान नेपालको

एक दशकको यात्रा

आसमान नेपालले बालबालिकाको स्वास्थ्य र शिक्षालाई लक्षित गरी त्यसको गुणस्तरमा सुनिश्चतताको लागि निरन्तर प्रयास गरिरहेको छ। आसमानको यस प्रयासलाई कार्यक्षेत्रका समुदाय र सरोकारवालाहरूको समन्वय र सहयोगमा सफलता हाँसिल गर्न मद्दत पुगेको छ।

बाल श्रम उन्मुलन गरी सबैलाई शिक्षाको मूलधारमा समेटेर गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षामा सबैको पहुँच पुग्नुपर्छ भन्ने उद्देश्य सफल पार्न आसमान विगत दस वर्षदेखि अनवरतरूपमा लागिरहेको छ। समुदायमा नै पुगेर त्यहाँको यथार्थलाई नजिकबाट नियालेर उनीहरूसँगै हातेमालो गरी कलिला बालबालिकालाई शिक्षाको उज्यालो देखाउँन पाउँदा आज हामी निकै हर्षित छौँ।

सबै बालबालिकाहरूले अनिवार्यरूपमा औपचारिक शिक्षा पाउनुपर्छ, विद्यालय र यस क्षेत्रसँग सम्बन्धित सबै सरकारी तथा गैरसरकारी निकायले गुणस्तरीय शिक्षा प्रदान गर्न आ-आफ्नो तर्फबाट आजैदेखि पहल गर्नुपर्दछ। आजका बालबालिका भोलिका देशका कर्णधार हुन्। यिनीहरूको चौतर्फी विकासको लागि हाम्रो निरन्तर प्रयास हुनुपर्दछ।

गुणस्तरीय शिक्षा सम्भव छ हामी सबै मिलेर गर्नसक्छौँ र यसलाई हामी व्यवहारमा उतार्न सक्छौँ। यसका लागि शिक्षासँग सम्बन्धित सबै निकायहरूलाई सहयोग प्रदान गर्न आह्वान गर्दछौँ। सबै व्यक्तिले आफूले पढेको विद्यालयलाई थोरै सहयोग र समय मात्र प्रदान गरिदिनुभएमा गुणस्तरीय शिक्षामा निकै टेवा पुग्ने छ।

आज आसमानको बारेमा बुलेटिन तयार गरी सबैजनालाई जानकारी गराउने अवसर पाएकोमा आसमानका शुभेच्छुक, दातृनिकायहरू तथा समुदायलाई हार्दिक आभार व्यक्त गर्दछु।

दुर्गाबहादुर श्रेष्ठ
अध्यक्ष
आसमान नेपाल

गुणस्तरीय शिक्षा अहिलेको आधारभूत आवश्यकता हो भन्ने मान्यतालाई स्थापित गर्न आसमान नेपालले सक्दो प्रयासका साथ कार्य गरिरहेको छ। गुणस्तरीय शिक्षा सम्भव छ तर सबैजना एकजुट हुनुपर्छ भन्ने कुरालाई आसमान नेपालले राम्रोसँग बुझेको छ। गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि एउटा महत्त्वपूर्ण माध्यम मातृभाषामा शिक्षा हो। यसले बालबालिकालाई विद्यालयमा नियमितका साथै उनीहरूको बुझाइस्तरलाई समेत बढाइदिन्छ।

आसमानप्रति सद्भाव राख्ने सरोकारवालाहरू, अभिभावक, शिक्षकहरू, दातृ संघसंस्थाहरू सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। म सधैँ यहाँहरूबाट अमूल्य र महत्त्वपूर्ण सल्लाह, सहयोग र पृष्ठपोषणको अपेक्षा गर्दछु। यसले हामीलाई हाम्रो कार्यमा उत्साह र शक्ति प्रदान गर्नेछ।

आज आसमान नेपालेले एक दशकमा गरेका गतिविधि समेटेर बुलेटिन तयार गरी सबै सरोकारवालाहरू माझ ल्याउन पाएको अवसरमा आसमानका शुभेच्छुक, दातृनिकायहरू तथा समुदायलाई हार्दिक आभार व्यक्त गर्दछु।

नबल किशोर यादव
कार्यकारी निर्देशक
आसमान नेपाल

आसमान के हो ?

आसमान नेपाल अशिक्षित, गरिब र पीडित समुदायका कर्मशील व्यक्तिहरूका लागि स्थापित एउटा सामाजिक संस्था हो। यसको स्थापना सन् १९९९ मा भएका हो। यसले शिक्षा, बाल अधिकार, बाल श्रम र स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको छ। समुदायमा आधारित भएर मध्य तराईका जिल्लाहरूमा यसले सामाजिक अधिकार र विकासको क्षेत्रमा सशक्त रूपमा कार्य गर्दै आएको छ। आसमान तराई केन्द्रित गैरसरकारी संस्थाहरूमध्ये नेतृत्वदायी संस्था हो। आसमान मुख्यतः बाल संरक्षण, प्रबर्धन र बाल अधिकारको पूर्णताका लागि कार्यक्रम निर्माण तथा कार्यान्वयनमा केन्द्रित छ।

बालश्रम उन्मुलन तथा शिक्षाको सुनिश्चताका लागि आसमानले १३ हजार समुदायमा आधारित सहयोगी संरचनामार्फत कार्य गर्दै आएको छ। यसअन्तर्गत हाल ५ हजार महिला तथा २ हजार भन्दा बढी दलितहरू सहभागी समूहहरू क्रियाशील छन्। युवा समूह, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा स्थानीय समूहहरू आसमानको सहयोगी संरचनामा सक्रिय रहेका छन्।

सामुदायिक विकास समूहको नाममा मध्य तराईको धनुषाबाट सुरू भएको आसमान नेपालको सामाजिक अभियान हाल देशका १२ वटा जिल्लामा बिस्तारित भएको छ। हाल धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिराहा, सप्तरी, कैलाली, कपिलवस्तु, रूपन्देही, कास्की, धादिङ्ग र बाग्लुङ्गका २ सय गाविसका करिव १ लाख २५ हजार जनसंख्यालाई प्रत्यक्ष सेवा प्रदान गरिरहेको छ। आसमानको कार्यबाट ४ सय ६५ विद्यालयका ४३ हजार छात्रा तथा २८ हजार दलित बालबालिका लाभान्वित भएका छन्।

आसमान विकासका कार्यहरूको दिगोरूपमा सञ्चालन गर्न स्थानीय स्रोत तथा साधनबिना सम्भव छैन भन्ने मान्यता राख्दछ। यसैअनुरूप स्थानीय स्तरमा बचत समूहको स्थापना गरी संस्थागत विकासमा समेत जोड दिँदै आएको छ। स्थानीय स्वामित्व, क्षमता बृद्धि तथा समुदायको सशक्तीकरणलाई मूल मन्त्र बनाएर गतिविधि सञ्चालन गरेकाले आसमानका कार्यहरूले समुदायमा गहिरो प्रभाव पारेको तथा दिगोपनाको समेत विकास भएको छ।

किन आसमान ?

आसमान स्वस्थ, शिक्षित र हँसिला बालबालिका भएको समाज चाहान्छ। यो यसको दुरदृष्टि पनि हो। समुदायको क्षमता र सहभागिताप्रति आसमान विश्वास गर्दछ। उपर्युक्त अवसर दिन सकेको खण्डमा विपन्न तथा सामाजिक रूपमा पिछडिएका वर्ग नै समाज परिवर्तनको वाहक बन्न सक्नेमा आसमान प्रस्ट छ। त्यसैले समुदायमा रहेको क्षमतालाई सहजीकरण र व्यवस्थापनमा आसमान केन्द्रित छ।

स्थानीय समुदायको रहनसहन, रीतिरिवाज, भाषा र परम्परालाई आसमान उच्च सम्मान गर्दछ। यसले कुनै जातजाति, धर्म, राजनीति विचार, लिङ्ग वा कुनै पनि प्रकारका असमान विभेदलाई स्वीकार्दैन। यिनै मान्यताका आधारमा निम्न उद्देश्य पूरा गर्न आसमानको स्थापना भएको हो।

दुरदृष्टि :

- विभेदरहित समाज निर्माणको लागि स्वस्थ, खुशी र शिक्षित बालबालिकाको पक्षमा कार्य गर्न अभिभावकलाई जिम्मेवार बनाउने।
- बालबालिकालाई जोखिमपूर्ण कामबाट बचाउँने र बाल अधिकारको प्रबर्द्धन गर्ने, बालबालिकाले स्वतन्त्ररूपले बोल्ने र उनीहरूको कुरा सुनिने वातावरणको निर्माण गर्ने।

उद्देश्य

स्थापनाको समयमा आसमानले निम्न उद्देश्यलाई प्रमुखताका साथ उठाएको थियो :

- बाल श्रम उन्मुलन तथा विश्वव्यापी शिक्षाको लागि सामाजिक मान्यता कायम गर्ने
- जन्मदर्ताको लागि जिल्ला तथा क्षेत्रीय तहमा सहजीकरण गर्ने
- बालविवाहको दर घटाउन र निर्मुल गर्न चेतना अभिबृद्धि गराउने
- बालबालिकाको समष्टिगत स्वास्थ्य तथा समग्र बालविकासका लागि परिणाममुखी काम गर्ने

आसमानको कार्यानुभव र क्षेत्र विस्तारसँगै यसले निम्न उद्देश्यहरू अङ्गाल्यो :

- आधारभूत स्वास्थ्य र प्राथमिक शिक्षामा बालबालिकाको पहुँच पुऱ्याउने।
- आधारभूत स्वास्थ्य र प्राथमिक शिक्षामा महिलाको पहुँच पुऱ्याउने।
- समुदायलाई शोषण, लैङ्गिक विभेद, जातीय विभेद, बालविवाह, अनमेल विवाह तथा विभेद विरुद्धमा चेतनशील एवं चिन्तनशील बनाउने।
- शिक्षा र स्वास्थका समस्याहरू समाधान गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।
- समुदायको आर्थिक उन्नतिका लागि आयआर्जनको क्रियाकलाप गर्ने।
- स्थानीय स्रोत र सुविधाको महत्त्व तथा प्रयोगबाट समुदायलाई सचेत गराउने र तिनको अधिकतम प्रयोगको सुनिश्चितता गराउने।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी स्थानीय संस्थाहरूको क्षमता अभिबृद्धि गराउने तथा राष्ट्र निमार्णमा स्थानीय व्यक्तिहरूको संलग्नता गराउने।
- प्राकृतिक सम्पदा र जैविक विविधताको प्रयोग तथा संरक्षणको लागि स्थानीय समुदायमा सचेतना जगाउने।
- सार्वजनिक सम्पति तथा संस्थालाई संरक्षण गर्ने।
- बौद्धिक वादविवाद तथा अन्तर्क्रियाबाट दिगो विकास गर्ने।

आसमान नेपाल बाल श्रमका सम्बन्धमा आफ्नो स्पष्ट दृष्टिकोण राख्दछ। जुन सम्झौता गर्न नसकिने आसमान नेपालको पाँच सिद्धान्त पनि हो। बाल श्रम उन्मुलन तथा शिक्षा सम्बन्धमा आसमानको दृष्टिकोण :

- विद्यालय नजाने सबै बालबालिका बाल श्रम गर्दछन्।
- सबै बालबालिकाले पूर्णकालीन औपचारिक दिवा विद्यालयमा भर्ना भएको हुनुपर्छ।
- बाल श्रमको पूर्ण उन्मुलन हुनुपर्ने। बाल श्रमलाई नियन्त्रण गरेर वैधानिकता दिने कानुन मान्य हुँदैन।
- बाल श्रमलाई प्रोत्साहित गर्न सबै तर्क भर्त्सना योग्य छन्।

आसमानका मुख्य नीति तथा सिद्धान्त :

- समावेशी मोडल र आम मानिसको क्षमतामा विश्वास राख्दछ।
- स्थानीय समुदाय तथा संस्कृतिको सम्मान गर्नुपर्छ।
- विकास निमार्णको कार्यक्रममा जाति, राजनैतिक आस्था, सम्प्रदायिकता र लैङ्गिक विभेदको कुनै ठाउँ हुँदैन।

कार्यक्षेत्र

आसमानको कार्य क्षेत्र :

मध्य तराईको धनुषा जिल्लाबाट सुरू भएको आसमानको कार्य हालसम्म देशको चार विकास क्षेत्रका १२ वटा जिल्लाहरूमा विस्तार भएको छ।

सुदुरपश्चिम विकास क्षेत्र : कैलाली
पश्चिमाञ्चल विकास क्षेत्र : रूपन्देही, बाग्लुङ्ग, कास्की, कपिलवस्तु
मध्यमाञ्चल विकास क्षेत्र : धनुषा, महोत्तरी, सर्लाही, रौतहट र धादिङ्ग
पूर्वाञ्चल विकास क्षेत्र : सप्तरी र सिराहा

कहिले	-	कहाँ ?	कहिले	-	कहाँ ?
१९९९	-	धनुषा	२००८	-	धादिङ्ग
२००१	-	महोत्तरी	२००९	-	बाग्लुङ्ग
२००४	-	सर्लाही	२०१०	-	सिरहा, सप्तरी, कैलाली, रूपन्देही, कास्की
२००५	-	रौतहट	२०११	-	कपिलवस्तु
२००७	-	कालीकोट			

आसमानको सिकाइ तथा कार्य गर्ने आधार

एक दशकको यात्राबाट आसमानले धेरै सिकेको छ। यसले बाल श्रम तथा शिक्षाका विषयमा आफ्नो धारणासमेत विकास गरी त्यसैअनुरूप कार्य गरिरहेको छ। यस सिकाइलाई आसमानका न्यूनतम आधार भन्ने गरिन्छ। आसमान जहाँ कार्य गर्दछ त्यहाँ निम्न कुराहरू लागू भएको चाहान्छ।

- काम छोडाउ स्कुल पठाउ
- विद्यालय सुधार योजना निर्माण
- गुणस्तरीय शिक्षा तथा विद्यालय शान्ति क्षेत्र पालना
- सहयोगी संरचनाको विकास
- र, आसमानका पाँच सिद्धान्तको पालना

विद्यालय क्षेत्रका सबै बालबालिका कामबाट छुटाइ पूर्णकालीन शिक्षामा प्रवेश गरेको हुनुपर्छ भन्ने आसमानको प्रमुख आधार हो। त्यस्तै विद्यालयको समग्र सुधार तथा विकासका लागि त्यहाँ विद्यालय सुधार योजना तयार गरी लागू गरिएको हुनुपर्छ। हरेका सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको प्रत्याभूति भएको हुनुपर्ने आसमानले अर्को आधार बनाएको छ। विद्यालयमा शान्तिपूर्ण पढ्न पाउनु पर्छ भन्नेमा आसमान स्पष्ट वकालत गर्दछ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, युवा समूह, आमा समूह, बाल अधिकार रक्षकजस्ता सहयोगी संरचनाको निर्माण तथा तिनीहरूको सकृय भूमिका विद्यालयमा हुनुपर्छ भन्नेमा आसमान क्रियाशील छ।

सामुदायिक साक्षरता कार्यक्रम

१९९९ - .....

सेभ द चिल्ड्रेन जापानमा कार्यरत सामाजिक पैरवीकर्ताहरूको समूहले आसमानको सुरूवातदेखि नै महिला सशक्तीकरणलाई प्रमुख कार्य बनाएका छन्। समाज परिवर्तनमा वाहकको रूपमा रहेका महिलाहरूको सशक्तीकरण विना परिवर्तन सम्भव नभएको आसमानको बुझाइअनुरूप सन् १९९९ बाट महिलाहरूका लागि सिकाइ केन्द्रहरू स्थापना गरी साक्षरता अभियान सञ्चालन गऱ्यो।

महिला सिकाइ केन्द्र

समुदायमा आसमानले महिला सिकाइ केन्द्रहरू सञ्चालन गरेको छ। महिलाहरूलाई साक्षर र सशक्तीकरण गर्न यी केन्द्रहरू सञ्चालित छन्। महिला सिकाइ केन्द्रहरूका माध्यमबाट महिलाहरू आफ्ना समस्याहरू चिन्न र समाधानका लागि क्रियाशील छन्। यस्ता सिकाइ केन्द्रहरूमा सहभागी महिलाहरू साक्षर हुनुका साथै समुदायमा हुने विभिन्न खालका छलफलमा आफ्ना कुराहरू राख्न सक्ने भएका छन्। उनीहरू आफैँ पनि समुदायका समस्याबारे छलफल चलाउने अवस्थामा पुगेका छन्। यस्ता सिकाइ केन्द्रका कारण गाउँमा हुने हरेक गतिविधिमा महिलाहरूको सहभागिता बढेको छ। घरबाहिरको गतिविधिमा कमै चासो र सहभागिता राख्ने महिलाहरूको सामाजिक स्थानसमेत बलियो भएको छ।

यस्ता सिकाइ केन्द्रहरूमा १५ देखि ४५ बर्षसम्मका निरक्षर महिलाहरूलाई साक्षर र सशक्त बनाउन आधारभूत र उच्च गरी २ किसिमका कक्षाहरू सञ्चालन गरिन्छ। यस बर्षमात्र १५ गाविसहरूमा ४९ वटा आधारभूत कक्षामा १००९ महिलाहरू भर्ना भएका थिए। यी कक्षाहरूमा भर्ना भएकामध्ये ७८५ ले कक्षा पूरा गरेका छन्। ११ गाविसहरूका ३९ वटा उच्च कक्षामा ६४० महिलाहरू भर्ना भएका थिए। जसमध्ये ५०६ जनाले कक्षा पूरा गरेका थिए।

जन्म दर्ता अभियान

१९९९ देखि २००६ सम्म

बाल अधिकारको पहिलो अधिकारको रूपमा रहेको जन्मदर्तालाई आसमानले आफ्नो कार्यसुचीको उच्च प्रथमिकतामा राख्यो। र, जन्म दर्ता अभियान सञ्चालन गऱ्यो। अभियान सुरू गर्दा धनुषा र महोत्तरीमा करिव ४० प्रतिशतमात्र बालबालिकाको जन्म दर्ता हुने गरेको थियो। आसमान नेपालले न्यून जन्म दर्ताको कारण जान्ने प्रयत्न गऱ्यो। अभिभावकहरूको लापर्वाही वा हेलचेक्र्याइँ र समयको पावन्दी मुख्य कारण देखियो। यसको अलावा बुबाको नागरिकता नभएकाले र प्रशासनिक व्यवधान अन्य कारणहरू

थिए। यस्तो स्थितिमा सुधार ल्याउन आसमानले केही वर्ष राम्रैसँग मेहनत गर्नु पऱ्यो।

आसमान नेपालले जन्म दर्ता गराउन जोडदार वकालत गऱ्यो। यसले वडा वडादेखि गाविस र जिल्ला तहसम्म वकालत गऱ्यो। आसमानले आफ्नो कार्य क्षेत्रमा जन्मदर्ताको मुद्दा समाधान गर्न उपलब्ध सबै संयन्त्रको प्रयोग गरी अभियानकै रूपमा कार्य गऱ्यो।

विद्यालयबाहिरका बालबालिकाको कक्षा, महिला सिकाइ केन्द्र, अभिभावक शिक्षा तथा सुरक्षित मातृत्वजस्ता क्रियाकलापबाट जन्मदर्ताको मुद्दा सम्बोधन गरिएको थियो। यसको अलावा आसमानले जन्म दर्ता अभियानमा अग्र पंक्तिका कार्यकर्ता, स्वयंसेवक बाहेक समुदाय, युवा, बालबालिका, महिला, स्थानीय क्लब, गाविस र अन्य स्थानीय प्रभावकारी समूहको समेत सफल परिचालन गरिएको थियो। सन् २००१ मा ४७ प्रतिशत जन्म दर्ता भएको धनुषा र महोत्तरी जिल्लामा सन् २००३ मा ७१

प्रतिशत बच्चाको जन्म दर्ता भएको सर्वेक्षणले देखाएको छ। जसलाई आसमान नेपालले क्रस कन्ट्रि मुद्दाको रूपमा उठाएर विभिन्न कार्यक्रमसँग जोड्दै निरन्तरता दिइ नै रहेको छ।

समुदायमा आधारित बालविकास तथा सेवा

कार्यक्रम अवधि : १९९९ देखि २०००

स्वस्थ, निरोगी र हँसिला बालबालिका भएको समाजको परिकल्पनालाई साकार पार्न आसमानले समुदायमा आधारित बालविकास तथा सेवा सञ्चालन गरेको थियो। यसअन्तर्गत पोषण, खानेपानी र सरसफाई, उप स्वास्थ्य चौकीलाई सहयोग, सुरक्षित मातृत्व, अभिभावक शिक्षाजस्ता कार्यहरूलाई एकतृत रूपमा समुदायमा पुऱ्याइएको थियो। आसमानले सुरू गरेको यस कार्यक्रमहरूले ३ वर्षमुनिका बालबालिकालाई कुपोषण हुनबाट बचाउँने, बाल मृत्युदर र बिरामी दरमा कमी ल्याउने, परिवार तथा समुदायको सुरक्षित मातृत्व र स्वास्थ्यका आनीबानीमा सुधार गरी मातृ मृत्युदर र बिरामी दरमा कमी ल्याउने उद्देश्यहरू राखिएको थियो।

स्वास्थ्यका सूचकहरूले यस क्षेत्रमा कुपोषणको समस्याहरूलाई स्पष्ट देखाएको थियो। समुदायमा बहुसंख्यक बालबालिकाहरू कुपोषणमा थिए। त्यसमा सुघार ल्याउन पोषण कार्यक्रम सञ्चालन गरियो। यसअन्तर्गत कुपोषणको अवस्था बुझ्ने, त्यसको वर्गीकरण गर्ने र कुपोषण हटाउने कार्यक्रमहरू सुरू गरिएका थिए।

समुदायमा स्वच्छ खानेपानी उपलब्ध गराउनु र व्यक्तिगत सरसफाईमा जोड दिन स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरियो। यस्तो स्वास्थ्य कार्यक्रमलाई समुदायमा चल्ने बाल कक्षा, महिला सिकाइ केन्द्र, अभिभावक कक्षामा जोडी त्यससम्बन्धी सन्देशहरू घर घरसम्म पुऱ्याइयो। स्वास्थ सेवाको सुधारका लागि स्थानीय उप-स्वास्थ्य चौकीको भौतिक सुधार, स्वास्थ्य सेवालाई सुदृढ बनाउने, उप-स्वास्थ्य चौकीको निर्माणमा स्रोत साधन सहयोग तथा समुदायको सहभागितासमेत गराइयो।

त्यस्तै परिवार तथा समुदायमा सुरक्षित मातृत्वसम्बन्धी आनीबानीमा सुधार ल्याउने र स्थानीय निकायहरूलाई सुरक्षित मातृत्वको सेवा दिन सक्षम बनाउने कार्यहरू भए। परिवार तथा समुदायमा आउन सक्ने रोगहरू र त्यसबाट बच्ने तरिका, व्यक्तिगत तथा वातावरणीय सरसफाई, आनीबानीमा सुधार ल्याउन सचेतना कार्यहरू अभिभावक शिक्षा भनेर गरियो। यसमा ५ बर्ष मुनिका बालबच्चाहरूमा रहेको अत्यधिक मृत्युदर र मातृ मृत्युदर घटाउन परिवारलाई असल खाना, राम्रो स्वास्थ्य स्याहार र सुरक्षित मातृत्वको प्रयोगका कुराहरूमा ध्यान दिने कुराहरू समुदायसम्म पुऱ्याइन्छन्।

यस समुदायमा आधारित बालविकास तथा सेवाअन्तर्गत लक्षित समूह पत्ता लगाउँदै मासिक रूपमा घरभेट तथा सन्देश दिने, बालबालिकाहरूको अवस्था पहिचान, स्वास्थ्य परिक्षण, कुपोषित तथा बिरामी बालबालिकाहरू स्वास्थ्य चौकीमा लैजाने, जुकाको औषधि, गर्भवती तथा सुत्केरीलाई भिटामिन ए र आइरन चक्की, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य परिक्षणजस्ता कार्यहरू भएका छन्।

कार्यक्रमले ४४ टोलका ०-३ बर्षसम्मका २००० बालबालिका र १९५ गर्भवती महिलाहरू तथा १८२ जना सुत्केरी महिलालाई प्रत्यक्ष सेवा पुऱ्याएको थियो। आफ्नै घरबारी तथा स्थानीय स्तरमा पाइने तथा गरिबले खाने भनेर भनिने साग, मेवा, घोंगीजस्ता खाद्य सामग्रीलाई प्रोत्साहन गरिएको थियो।

विद्यालय सुधार योजना

२००० - हालसम्म

विद्यालय सुधार कुनै एक पक्षको सुधारले मात्र सम्भव छैन भन्ने आसमानको कार्यअनुभवले विद्यालयमा एकीकृत विकासको लागि योजना बनाउनु पर्छ भन्ने रह्यो। यस सोचलाई आसमानले विद्यालय सुधार योजनाका रूपमा अघि साऱ्यो।

सन् २००० मा आसमान नेपाल र सेभ द चिल्ड्रेन जापानले ५ जना प्रअहरू र मुख्य कर्मचारीहरूलाई दिएको तालिमको दौरानमा पहिलोपल्ट विद्यालय सुधार योजना बन्यो। यस अनुभवकै आधारमा सन् २००१ मा १७ वटा नयाँ विद्यालयमा विद्यालय सुधार योजना बन्यो।

सरकारले सबै बालबालिकालाई कसरी विद्यालयमा ल्याउने र विद्यालयको अवस्थामा सुधार गर्ने भन्ने ठोस योजना ल्याउनु अघि नै सन् २००२ मा आसमानले विद्यालयको सेवा क्षेत्रभित्रका सबै बालबालिका विद्यालयमा भर्ना हुनुपर्दछ भन्ने नयाँ धारणा अघि सारेको थियो। यसका लागि विद्यालय सुधार योजनालाई बास्केट बजेटको रूपमा प्रयोग गरियो। त्यस वर्षमात्र थप ६४ वटा विद्यालयले विद्यालय सुधार योजनाको निर्माण गरे।

सरोकार र सम्बद्ध निकायबाट प्राप्त स्रोतलाई विद्यालय सुधार योजना (एसआरपी) अन्तर्गत प्रयोगमा लगाइयो। यसको निरन्तरतास्वरूप आसमानले विद्यालय सुधार योजना निर्माण, गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजना निर्माण तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धिमा सहयोग पुऱ्याएको छ।

स्थानीय स्रोतको पहिचान, व्यवस्थापन र परिचालनका निमित्त विद्यालय सुधार योजना धेरै सहयोगी सिद्ध भएको छ। विद्यालय सुधार योजनाले विद्यालयहरूको समग्र सुधारमा महत्त्वपूर्ण साधनको रूपमा कार्यगरेको छ। विद्यालय सुधार योजना हाल राज्यको एक महत्त्वपूर्ण कार्यको रूपमा विकसित भएको छ भने आसमानले आफ्नो कार्य गर्ने न्यूनतम आधारको रूपमा विकास गरेको छ।

एमवी एफ रणनीतिक पार्टनरसीप

२००१ देखि हालसम्म

सुरूवातका वर्षहरूमा आसमानले शिक्षा, बालबालिका तथा समाज सुधारमा जे-जस्ता प्रयास गरेपनि भारतको आन्ध्रप्रदेशस्थित एमवी फाउण्डेसनसँगको सहकार्यले आसमानको बालबालिका तथा शिक्षाप्रतिको दृष्टिकोणमा व्यापक फराकिलो सोचको विकास गरायो। जुन बाल अधिकार तथा शिक्षामा सशक्त रूपमा कार्य गर्न आसमानको लागि टर्निङ्ग पोइन्ट बन्यो।

एमवी एफसँगको रणनीतिक सहकार्यपछि आसमान नेपालले बाल श्रम र शिक्षाको अधिकारजस्ता मुद्दामा वकालत गर्न स्थानीय तहमा सञ्जाल निर्माण गऱ्यो। त्यस्तै क्षेत्रीय र राष्ट्रिय तहमा समान विचारधारा राख्ने संघसंस्थाहरूको सञ्जालको विकास गरी नीति मै प्रभाव पारी ठोस परिवर्तन ल्याउने प्रयास यसको रह्यो।

एमवी एफसँगको सहकार्यपछि आसमानले विकास गरेको सोच तथा कार्य धारणा :

- समुदायका मानिससँग निर्णय गर्ने क्षमता हुन्छ।
- बालबालिकाले आफ्नो पढ्ने र लेख्ने अधिकारप्राप्तिका लागि संघर्ष गर्नु हुन्न। राज्य, बाल अधिकार संरक्षक तथा अभिभावक नै उनीहरूको शिक्षाप्राप्त गर्ने अधिकार दिलाउन जिम्मेवार हुनुपर्दछ।
- बालबालिकालाई काम छुटाएर विद्यालयमा पठाऔँ र उनीहरूलाई विद्यालयमै टिकाइ राखौँ।
- तलबाट माथिको रणनीतिक कार्य गर्नु पर्दछ।
- ४० प्रतिशत हिस्सा ओगट्ने बालबालिकाको हक अधिकारबारे सोच्न राजनैतिक पार्टीलाई फुर्सद छैन तर रणनैतिक हिसाबले हेर्दा उनीहरूले समय दिनुपर्दछ।
- राजनैतिक दलभित्र बाल अधिकार संरक्षण फोरम आवश्यक छ।
- सरकारी कार्य सम्पादनमा गैरसरकारी संस्थाले प्रभावकारी योजना बनाउनु पर्दछ।
- कार्यक्रमको स्वयम् अनुगमन गर्नु हुँदैन।

यिनै सोच तथा धारणालाई आसमानले हालसम्म अन्तर्क्रिया, छलफल, प्रवचन तथा सहजीकरणजस्ता विधिबाट व्यापकता दिइरहेको छ। यसको अलावा तालिममार्फत् अनुभव आदानप्रदान तथा बाल श्रम र शैक्षिक मुद्दाका विषयवस्तुबारे ज्ञान लिने दिने कार्य गरिरहेको छ।

बालविवाह रोक

२००३ - .....

महोत्तरी र धनुषाका चारवटा गाविसमा गरिएको सर्वेक्षणमा झण्डै पचास प्रतिशत बालबालिकाको बालविवाह हुने गरेको पाइएको थियो। उक्त सर्वेक्षणले ७१ प्रतिशत अभिभावकहरूले परम्परागत संस्कारलाई पछ्याउँदै बालविवाह गराएको पाइएको थियो। ती मध्ये ४४ प्रतिशत मात्र साक्षर थिए। यस्तो अवस्थामा सुधार ल्याउन आसमान नेपालले धनुषा र महोत्तरीमा नौ महिने बालबिबाह उन्मुलन र बालिका अधिकारसमबन्धी परियोजना सञ्चालन गरेको थियो। जनचेतना अभिबृद्धि, वकालत र सशक्तीकरण साथै स्थानीय निकायलाई बालविवाह विरुद्धका कानुनहरू कार्यान्वयन गर्न जिम्मेवार बनाउने कार्यक्रम सञ्चालन गरिएको थियो।

सहयोगी संरचना निर्माण

२००३ देखि हालसम्म

बाल श्रम मुक्त समाज निर्माण गर्ने समुदाय परिचालन, अभियान तथा सबै सुरूआत र प्रक्रियाको स्वामित्व स्थानीय समुदायलाई दिने अभियान आसमानको पहिलो प्राथमिकता थियो। जसका लागि स्थानीय सहयोगी संरचना निर्माण गरियो।

सामाजिक सांस्कृतिक विविधतालाई ध्यानमा राख्दै ठूला भनिने वर्गबाट बचाउ गर्दै आसमानले समावेशी पक्रिया अङ्गालेको थियो। स्थानीय युवा, महिला र दलितलाई प्रायः जसो बेवास्ता गरिन्थ्यो जबकि बृद्ध र उच्च जातिका व्यक्तिहरूले सबै अवसर, सबै मञ्च र सबै आवाजहरू कब्जा गर्ने गरेका थिए। त्यसकारण आफ्नो रणनीतिअनुसार आसमानले युवा, महिला तथा दलितहरूको विभिन्न संरचनाहरू खडा गर्न सहयोग गऱ्यो। कुनै निश्चित संरचना नभएको यी मञ्चहरूमा व्यक्तिहरू आउँथे र जोडिन्थे। यी संरचनाहरूमा बाल अधिकार संरक्षण मञ्चको रूपमा कार्य गर्थ्यो। ढकिया खुर्पी रैली, भैंसी रैली, साइकल रैली, घरदैलो कार्यक्रम, ब्रिज कोर्सको लागि सहभागी र सहजकर्ताको छनौट, ब्रिज कोर्सको अनुमगन, जनचेतना निर्माणमा स्थानीय समुदायलाई सहभागी र सक्रिय गराउने, बाल श्रम राक्ने कार्यहरूमा उक्त संरचनाहरूले कार्य गर्थ्यो । यस्ता कार्यहरूले बालविवाहबाट पनि बचाउँने काम गर्थ्यो। यी मञ्चहरू तुरन्तै खडा हुने गर्थे र स्थानीय समुदायले आफ्नो भूमिका पनि तुरन्तै बुझ्थे। आसमानको कार्यक्रम फेज आउटपछि पनि उक्त संरचनाहरू र प्रक्रियाहरू कायमै छ।

सहयोगी संरचना



त्यस्तै, आसमानले विव्यस, अभिभावक शिक्षक संगठनसँग पनि सहकार्य गरेको थियो। यस्ता संगठनहरू सामुदायिक विद्यालयहरूमा अनिवार्य थियो। यस्ता संगठनहरूसँग गहिरो सम्बन्ध बनाएर बजार वरिपरिका गाँउ क्षेत्रका बालबालिकालाई विद्यालयमा भर्ना गराउन तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न कार्य गर्थ्यो । शिक्षक अभिभावक संगठनहरूको संगठनात्मक सशक्तीकरण र क्षमता अभिबृद्धिमा आसमानले सहयोग गर्थ्यो। त्यस्तै आसमान शिक्षण संगठनहरू निर्माण गर्न सहयोग गर्थ्यो। शिक्षण संगठनहरू इकाइ स्तरीय रूपमा गठन गरिन्थे जसमा ४ देखि ५ गाविसका विद्यालयहरूलाई सहभागी गराइन्थ्यो। उनीहरू प्रत्येक ३ महिना बैठक बस्ने गर्थे जसमा शिक्षकहरूले आ-आफ्ना प्रगति, सफलता र कमजोरीबारे छलफल गर्थे।

विभिन्न लक्ष्यहरू पूरा गर्न उक्त संरचनाहरूलाई मुलधारमा ल्याइएको थियो। यो संरचनाहरूलाई सहयोगी संरचना भनिन्छ। त्यही समयमा आसमानले गाविस, स्थानीय दलका प्रतिनिधि, स्रोत व्यक्ति तथा जिल्ला शिक्षा अधिकारीलाई त्यो संरचनामा सहभागी गराउन्थ्यो। अन्ततः सरकार र समुदायले सँगसँगै कार्य गर्थे र स्वामित्व पनि उसैको हुन्थ्यो।

"काम छोडाऊ स्कुल पठाऊ" अभियान

२००३ देखि २००६ सम्म

आसमानले धनुषा र महोत्तरी जिल्लामा काम गरेको अनुभवका आधारमा पारिश्रमिकका लागि घरबाहिर गरिने बाल श्रम र घरभित्र गरिने बाल श्रम उन्मूलन गर्न सम्भव रहेको ठहर गऱ्यो। तर यसको लागि ग्रामीण तहसम्म सशक्त वकालतको खाँचो थियो।

ऋणमा डुबेको गरिब परिवारको लागि छोराछोरीलाई विद्यालय पठाउनु दिवास्वप्न थियो। आजको दिनका लागि बाँच्नु उनीहरूको मुख्य चासो हुन्थ्यो। भोलिको कल्पनासमेत उनीहरू गर्न सक्दैन थिए। दैनिक काम नगरे खान पाउने अवस्था थिएन। अवस्था अहिले बदलिएको छ। यसैबीचबाट ५ देखि १४ वर्ष उमेर समूहका बालबालिका लक्षित गर्दै 'काम छोडाउ स्कुल पठाउ' अभियान सुरू भयो। सुरूआतमा इट्टाभट्टा, होटल तथा अन्य स्थलबाट १४० जना बाल श्रमिकहरूलाई विद्यालयमा भर्ना गरायो।

सन् २००३ मा ४९ प्रतिशत (५-१४ वर्षका ५४,९४५ मध्ये २६,९२३) बालबालिका विद्यालयबाहिर थिए। सन् २००६ मा यो संख्या घटेर १९ प्रतिशत (५६,३६१ मध्ये १०,७७९) मा झऱ्यो। अहिले त्यस क्षेत्रका सत् प्रतिशत बालबालिकाहरू विद्यालय जान्छन्। आसमानले ५९ वटा टोलहरू बाल श्रम मुक्त टोल घोषणा गऱ्यो। थप १३६ वटा टोलहरू मुक्त गराउने प्रयास भइरहेको छ। आसमानले घर घरको विवरण संकलन गरेको छ। बालश्रम मुक्त क्षेत्रको हरेक बालबालिकाको अवस्था एकै किलिकमा हेर्न सकिन्छ। यो कदमलाई आसमानका कर्मचारीहरू तथा समुदाय गौरव गर्न योग्य कार्य ठान्दछन्।

> "समुदायले एनजिओभन्दा बढी शिक्षकमाथि विश्वास गर्छन्। आसमानले गाउँलेहरूलाई परिचालन गऱ्यो। शिक्षकले पनि सघाए। आसमानको कार्यक्रममा सहभागी भएपछि शिक्षक बढी जिम्मेवार भएका छन्।"
>
> **लालबाबु हाथि**
> **प्रअ, जनता इकाई मावि**
> **पूर्वअध्यक्ष, शिक्षक युनियन धनुषा।**

यो अभियानलाई सुरूसुरूमा समुदायले पत्याउँदैन थिए। तर अहिले दलितहरू, महिलाहरू, गाउँलेहरू सबैले यस अभियानमाथि विश्वास गर्न थालेका छन्। समुदायका संरचना बढी सक्रिय भएका छन् र विव्यस, शिक्षक-अभिभावक संघ बढी जिम्मेवार भएका छन्। बालबालिकालाई विद्यालयमा भर्ना गराउनु, उनीहरूलाई विद्यालयभित्र टिकाइराख्नु र विद्यालयमा बालमैत्री वातावरणको निर्माणको लागि आसमानले शिक्षक र विद्यालयको भूमिकाको उच्च मुल्याङ्कन गरेको छ।

> विद्यालयबाहिरका बालबालिकाहरूको लागि सरकारसँग थुप्रै आकर्षक कार्यक्रमहरू छन्। तर विभिन्न कारणले ती कार्यक्रमहरू सफल भएका छैनन्। आसमानले आफ्नै संरचना र क्षमतामा सरकारका ती कार्यक्रमहरू कार्यान्वयन गरिदिएको छ।
>
> **सुशील पाण्डेय**
> **पूर्व क्षेत्रीय शिक्षा निर्देशक, मध्यमाञ्चल**

'काम छोडाउ स्कुल पठाउ' अभियानलाई अझै प्रभावकारी बनाउन 'बालिका शिक्षा अभियानमे सब कोइ जुटु' अर्थात् 'छात्रा शिक्षा अभियानमा सबै जुटौं कार्यक्रम सुरू गरियो। दलित, मुस्लिम र अल्पसंख्यकमा बालविवाहको प्रचलित प्रथा थियो। यसको कारण अशिक्षा थियो।

बालविवाहले बालिकालाई शिक्षाबाट वञ्चित गराइरहेको थियो। 'बालविवाह हवाके एक उपाय, वेटीके स्कुल पठाएव' अर्थात् बालबालिका हटाउने एउटा उपाय, छोरीलाई स्कुल पठाउ' कार्यक्रम सञ्चालन गऱ्यो। कार्यक्रमलाई अभिभावकसम्म पनि पुऱ्याइयो। बाल पेन्टिङ्ग तथा पोष्टरहरूको माध्यमले आसमानले बालविवाहलाई निरूत्साहित गऱ्यो। पेन्टिङ्ग र पोष्टरमा 'गहना, जेवर रूप शृङ्गार, शिक्षा विना जीवन बेकार' अर्थात् 'गहना, जेवर, रूप, शृङ्गार, शिक्षाविना जीवन बेकार' लेखिएको थियो।

बालविवाहलाई रोक्दै बालिकालाई विद्यालय भर्ना गराएर टिकाइराख्नु दुइटा प्रक्रियाबाट आसमान अघि बढ्यो। यसको लागि महिला मञ्च तथा छात्रा सशक्तीकरण केन्द्रहरू स्थापना गरियो। काम छोडाऊ स्कुल पठाउ अभियानले समाजमा नयाँ आशा पलाएको छ। उनीहरूमा शिक्षाले गरिबीबाट मुक्ति दिलाउने, जीवनस्तर उकास्ने र उज्वल भविष्य दिने कुरामा विश्वस्त भइसकेको छन्। यस अभियानले दलित समुदायमा पनि आत्मविश्वास बढाएको छ। उनीहरूले विद्यालय उच्च जातिको लागि मात्र होइन, दलितको लागि त शिक्षा निःशुल्क नै पाइने बुझिसकेका छन्। अहिले ४६ टोलका ४,०७३ दलित बालबालिका स्कुल जान्छन् जसमध्ये ९६ प्रतिशत नियमित छन्। अन्ततः अनिवार्य शिक्षा यस समुदायको ध्येय बन्न पुग्यो।

भर्ना अभियान तथा विद्यालय स्वागत

२००५-

सन २०१५ सम्ममा मुलुकका सबै बालबालिकाहरूको प्राथमिक तहसम्मको शिक्षामा अनिवार्य पहुँच विकास गर्ने प्रतिबद्धताअनुरूप नेपाल सरकारले शैक्षिक शत्र २०६२ देखि राष्ट्रिय स्तरमा विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गरेको छ। यस अभियानमा आसमान नेपालले सरकारी निकायहरूलाई सहयोग गर्दै तथा आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत पनि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरेको छ। भर्ना अभियानमा समुदाय स्तरमा विभिन्न स्थानीय समूह, क्लब, फोरमलगायत स्वयम् सेवकहरूको परिचालन गरिन्छ।

विद्यालयमा पुस्तकालय निर्माण

२००५-

सन् २००५ बाट आसमानले विद्यालयमा पुस्तकालय निर्माण कार्य सुरू गऱ्यो । गुणस्तरीय शिक्षा लागि रुम टु रिडको सहयोगमा सन २००६ सम्ममा धनुषा, महोत्तरी र सर्लाहीमा ५२ वटा पुस्तकालयहरू निर्माण गरियो। गुणस्तरीय शिक्षा र बालबालिकाको सिकाइको स्तर बृद्धि गर्न पुस्तकालयले सहयोग पुऱ्याएको छ। विद्यार्थीहरूलाई नियमित गराउन तथा उनीहरूमा स्वयम् सिक्ने बानीको विकास गराउन पुस्तकालय उपयोगी भएका छन् ।

समुदायमा आधारित अनुगमन

२००५-

आसमानले अनुगमन कार्यलाई आफ्नो कार्यक्रममा उच्च महत्त्व दिँदै आएको छ। समुदायका सरोकारवालाहरूद्वारा विद्यालयको प्रत्यक्ष अवलोकन गरी अवस्थाको पहिचान तथा कार्यस्थलमै सुझाव आदान प्रदान गर्ने गरिएको छ।

यस कार्यले समुदायका सरोकारवालाहरूलाई जिम्मेवार बनाउन, विद्यालयप्रति अपनत्व भावनाको विकास गराउन, कार्य स्थलमै सुझाव आदान प्रदान, विद्यालयमा विद्यार्थी शिक्षकको नियमितता बढाउन मद्दत गर्ने गरेको छ।

बाल अधिकार संरक्षण समिति, युवा समिति, स्थानीय क्लबका प्रतिनिधि, महिला समिति, दलित समिति र आसमान नेपालका प्रतिनिधिहरूसहितको टोली अनुगमनमा जाने गरेका छन् । यसकार्यले विद्यालयमा हुने विवादमा कमी आएको छ। शिक्षक, विद्यार्थीको नियमिततामा बृद्धि हुनुका साथै विद्यालयमा पारदर्शिता विकास भएको छ।

एचआइभी एड्स (बाल बचाउ)

२००७-

सुरक्षित व्यवहारलाई बढावा दिन र जोखिममा रहेका बालबालिकालाई संक्रमित हुनबाट बचाउने उद्देश्यले आसमानले एचआइभी एड्ससम्बन्धी कार्यक्रम सञ्चालन गरेको थियो। यस कार्यक्रमले एचआइभी एड्ससम्बन्धी चेतना बृद्धि गर्ने, सुरक्षित यौन व्यवहार तथा यौन सुरक्षा प्रबर्धनजस्ता कार्यहरू समेटेको थियो। जसअनुरूप १९ वटा बाल क्लबहरू, २५ युवा क्लबहरू, ३० महिला समूहहरू र ३ दलित समूहसम्म चेतना र सहयोग पुऱ्याएको थियो।

'जनम दियली त पढव दिअ'
गुणस्तरीय शिक्षा (बालमैत्री)

२००७-

आसमान नेपालले घरभित्र र घरबाहिरका बाल श्रमिकलाई विद्यालय पढाउन काम छोडाउ स्कुल पढाउ अभियान सन् २००३ देखि सुरू गरेको थियो। विद्यालयबाहिर रहने सबै बालबालिकाहरू श्रमिक हुन् भन्ने आसमान नेपालको धारणाअनुरूप यो अभियान चलाइएको थियो।
वालबालिकालाई विद्यालयमात्र पठाउनु सबै कुरा होइन, ऊ सधै स्कुल जाने सुनिश्चितता पनि गर्नुपर्ने हुन्छ। काम छोडाउ स्कुल पठाउ कार्यक्रम पछि विद्यार्थी टिकाइ राख्न गुणस्तरीय शिक्षाको प्रयास सुरू गरियो। काम छोडाउ स्कुल पढाउ कै निरन्तरतास्वरूप आसमानले जनम दियली त पढव दिय कायक्रम सञ्चालन गऱ्यो। गुणस्तरीय शिक्षा प्रदान नगरिए विद्यालयमा पुगेका विद्यार्थीलाई टिकाइराख्न सकिँदैन। पर्याप्त भौतिक स्रोतसाधन र शिक्षक विद्यार्थी अनुपात कायम नरहे पनि विद्यार्थीलाई टिकाइराख्न गाह्रो हुन्छ। यस्ता समस्याबाट छुटकारा पाउनका लागि विद्यालय सुधार योजना निर्माण, शैक्षिक अभियान, विद्यालय नक्साङ्कन, पूर्वप्राथमिक कक्षाहरू निर्माणलगायतको कार्यहरू गरियो।
विद्यालयमा गुणस्तरीय शिक्षाको लागि समाजिक कार्यकर्ता परिचालन गरी प्रत्येक बालबालिकाको अनुगमन गरियो। बाल अधिकार संरक्षणको लागि बालशक्ति केन्द्रहरू स्थापना गरियो। यस कार्यक्रमले विद्यालयको नियमित अनुगमन हुन थालेको छ। विद्यालयमा खाजा खाने, गृहकार्य दिने बानीको सुरूआत भएको छ। सजाय दिन बन्द भएको छ।

हरूवा चरूवा (बाल श्रम)

२००८-

ग्रामीण समुदायमा कृषिका आधारित बाल श्रम बढी हुने भएकाले हरूवा चरूवाको लागि यो कार्यक्रम लक्षित थियो। यसअन्तर्गत बाल श्रम अनुगमनको केन्द्रको स्थापना गरियो। गाविस स्तरमा बाल श्रम अनुगमन प्रणालीको स्थापना गरियो। अनुगमनले १ सय ३ जना बाल श्रमिकहरू फेला पाऱ्यो जसमध्ये ६९ लाई काम छोडाइयो शिक्षामा पढाइयो।
चेतना अभिबृद्धिसँगै ओएसपी कक्षाहरू सञ्चालन गरिए। जहाँ १०-१७ वर्षका ११६ जना छात्रा र ६० जना छात्रलाई सहभागी गराइयो। त्यस्तै ५ देखि १० वर्षका ३८२ बालबालिकाहरूलाई औपचारिक विद्यालयमा पुऱ्याइयो।
सन २००८ मा १९१ जना, सन् २००८ मा ६४ जना, सन २०१० मा १२७ जना बालबालिकालाई विद्यालय भर्ना गराइएको थियो।

स्थानीय प्रायोजन (स्पोन्सरसीप)

२००८-

आसमान नेपालले धादिङ्गको जोगिमारा गाविसमा जोगिमारा छात्रवृति कार्यक्रम सञ्चालन गऱ्यो। विद्यालय सुधार योजना निर्माण गर्न र सिङ्गो गाविसको शैक्षिक विकासको लागि गाउँ शिक्षा कार्यक्रम बनाउने उद्देश्यको उक्त छात्रवृत्तिको व्यवस्था गरिएको थियो। गाविसका १९ वटा विद्यालयलाई लक्षित गरी उक्त कार्यक्रम सुरू गरिएको थियो। ती गाविसहरूमा १९५ जना छात्रा र १६५ जना छात्र विद्यालयबाहिर रहेको फेला परेको थियो। यो परियोजना विद्यालयबाहिर रहेका ५० जनाहरूको लागि सञ्चालन गराइएको थियो।
जोगिमारा शिक्षा सरोकार समूह गठन गरी छात्रवृतिसम्बन्धी पूर्ण दायित्व दिइयो। छात्रवृति छनौट प्रक्रियामा सघाउन र विद्यार्थी नियमित उपस्थितलाई प्रोत्साहन गर्ने उद्देश्यले बालसमूह निर्माण गरियो।

असल शिक्षा दिय (गुणस्तर)

२००९-

२००३-२००६ सम्म आसमान नेपालले धनुषा र महोत्तरीका ३५ गाविसहरूमा काम छोडाउ स्कुल पठाउ कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमको मुख्य उद्देश्य एउटा पनि बालबालिका श्रमिक हुनुहुँदैन तथा सबै विद्यालय नियमित हुनुपर्छ भन्ने थियो। जसमा ५९ वटा टोलहरू बाल श्रममुक्त टोल घोषणा गरियो। विद्यालय व्यवस्थापन समिति, विभिन्न सहयोगी संरचनाहरू, बाल अधिकार संरक्षण मञ्चको सहयोगमा १४६ बाल श्रमिकहरूलाई काम छोडाएर स्कुल पठाइयो। २००३ मा ४९ प्रतिशत मात्र रहेको भर्ना दर सन २००६ मा ८१ प्रतिशत पुग्यो। ३०,०७४ बालबालिकाहरू विद्यालयमा भर्ना भए। ४३,०० बालबालिकाको लागि बिज्ञ सञ्चालन गरियो। २० वटा विद्यालयले सत्प्रतिशत भर्ना गराए। यसअन्तर्गत विद्यालय व्यवस्थापनमा सुधार, बालमैत्री पठनपाठन वातावरण, छात्रा शिक्षामा जोड दिइयो।

मैथिली भाषामा साक्षरता

२०१०-

शिक्षा प्राप्तिको अवसरबाट वञ्चित मैथिली समुदायका ग्रामीण व्यक्तिहरूलाई नेपाली भाषामा सञ्चालन हुने साक्षरता कक्षा पूर्ण प्रभावकारी हुन सकेन। यसबाट मुत्तिका लागि आसमान नेपालले स्थानीय मैथिली भाषामा साक्षरता कक्षा सञ्चालन गरेको छ।

यस्ता कक्षाले दलित, मुस्लिम महिलाहरू साक्षर भएछन्। जसका कारण समुदायमा समेत शिक्षाप्रति सकारात्मक सोचको विकास भएको छ। सारक्षरता शिक्षाको एउटा भाग मात्र हो। यससँगै सञ्चालन गरिएको वचत कार्यक्रमले साक्षरताको महत्त्व बढाएको छ। मैथिली भाषामा साक्षरता कार्यक्रम साक्षर बनाउनको लागि यसको गतिविधिबाट समाजमा पनि चेतना जगाएको छ। यसले समाजिक परिवर्तन र सामुदायिक विकासका लागि मानिसलाई परिचालन गर्छ। आसमान नेपालले युनिसेफको सहयोग सन २०१० मा वगेवा र घोडघास गाविसमा ३० वटा मैथिली भाषामा ३० वटा कक्षाहरू सञ्चालन गरेको थियो।

मुसहरका लागि शिक्षा

२०१०- हालसम्म

नेपालमा दलितको अवस्था जर्जर छ। तराईका दलितको अवस्था अझ दयनीय छ। त्यसमा पनि मुसहरहरूको अवस्था झनै नाजुक छ। विकासमा शिक्षाको महत्त्वपुर्ण भूमिका हुन्छ। तर दुर्भाग्यवस मुसहर समुदायको शैक्षिक स्थिति अन्य दलित जातिभन्दा पनि न्यून छ। कानुनले बन्देज लगाएको भएपनि छुवाछुत अझै कायमै छ। अधिकारबारे जनचेतनाको अभावको कारण उनीहरूको स्रोतसाधनसम्म पहुँच छैन। दयनीय आर्थिक अवस्थामा रहेका उनीहरूका बालवालिका विद्यालय जान पाउँदैनन्। उनीहरूको धेरै जसो समय आधारभूत आवश्यकता पुर्ति गर्नमै बित्छ।

यस्तो अवस्थामा सुधार ल्याउन आसमान नेपालले मुसहर समुदायको लागि शिक्षा कार्यक्रम सञ्चालन गऱ्यो। सप्तरी र सिरहाका पाँच पाँच गाविसमा नमुनाका रूपमा कार्यक्रम सञ्चालन गरियो। फिनल्याण्ड राजदुतावासले यस कार्यक्रमलाई सहयोग गरेका थियो। जसअनुरूप सहशताब्दी विकास लक्ष्यअनुरूप न्यून आय भएका मुसहर जातिका बालबालिकालाई शैक्षिक र आर्थिक अवसरहरू प्रदान गरिएको थियो। यस कार्यक्रमबाट करिव २ हजार मुसहर बालबालिकाले शिक्षामा पँहुच पाएका, ३ सय मुसहर महिला तथा पुरुष साक्षर भएका तथा स्वास्थ्य र आयका अवसर सृजनामा समेत मद्दत पुऱ्याइएको छ।

समुदायमा आधारित बाल पौष्टिक आहार

२०११-

बालबालिका तथा महिलामा कुपोषण विकराल समस्या रहेको छ। नेपाल सरकारले पनि कुपोषणलाई ६० प्रतिशतबाट ३० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। तर २५ वर्षदेखि कुपोषणको अवस्थामा थोरै मात्र सुधार आएको छ। ५० प्रतिशत जति बालबालिकाहरू अझै कुपोषित छन्। यस्तो अवस्थामा सुधार गर्न आसमान नेपालले कपिलवस्तु जिल्लामा परिक्षणस्वरूप कार्यक्रम सुरू गरेको छ। जसअनुरूप बच्चालाई आमाको दुध खुवाउन प्रोत्साहित गर्ने, शिशुस्वास्थ्य हेरचाहलाई बढावा दिने, बालबालिका, स्थानीय स्वास्थ्य सेवालाई सशक्त बनाउनेजस्ता प्रयासहरू बढाइएको छ। यस कार्यमा मिडियासँगको सहभागिता र सक्रिय भूमिकाको विकास गरिएको छ।

सासु बुहारी सँगै पढ्छन्

यो विश्वास गर्न कठीन गर्नुपर्छ कि एक दर्जनभन्दा बढी सासु बुहारीका जोडीहरू एउटै कक्षामा सँगै पढे। धेरै व्यक्तिलाई लाग्ने गर्छ कि सासु बुहारी एकअर्काका विरोधी हुन्छन्।

तर कौशल्या देवी त उहाँकी बुहारी प्रेम देवी लक्ष्मीपुर बगेवा बजार टोलको साक्षरता कक्षामा सँगै पढ्छन्। उहाँहरू कक्षामा नियमित आउने गर्छन् र एकअर्काको पढाइमा सघाउँछन्। अहिले उनीहरू आधारभूत साक्षरता कक्षामा पढीरहेका छन्। कक्षाले आफ्नो व्यवहार परिवर्तन गरेको छ। शिक्षकका अनुसार ती सासु बुहारी कक्षामा सबभन्दा चाडै सिक्ने विद्यार्थी छन्। उनीहरू कक्षामा समयमै आइपुग्छन् र एकअर्कालाई घरका कामकाजलाई पनि सहयोग पुऱ्याउँछन्।

त्यस्तै, सिवोदेवी पासवान र उहाँकी बुहारी प्रमिला पासवान घोडघाँसस्थित साक्षरता कक्षामा सँगै पढछन। उनीहरू असाक्षर थिए र औँठा छाप प्रयोग गर्थे। त्यसकारण उनीहरू साक्षरता कक्षा लिन थालेका हुन्। अहिले उनीहरू आफ्नो नाम र ठेगाना लेख्न सक्छन् र सामान्य हिसाबकिताब गर्न सक्छन्। यस केन्द्रका शिक्षकका अनुसार यी सासु बुहारीको जोडी उदाहरण बनेको छ।

मुसहर महिला अधिकारका लागि सचेत भए

ब्रह्मपुर, ललितपुरस्थित श्री दिना भाद्री सडाए बचत समूह गरिबी निवारण कोषको कार्यक्रमअर्न्तगत स्थापना भएको गैरसरकारी संस्था हो। ३० जना महिलाहरू उक्त समूहका सदस्यहरू हुन्। तीमध्ये २५ जना महिलाहरूका लागि आसमान नेपालले रिफ्लेक्ट केन्द्र स्थापना गऱ्यो। रिफ्लेक्ट केन्द्र सञ्चालन हुनुभन्दा पहिले उनीहरू निरक्षर थिए। बचत समूहमा हस्ताक्षर गर्नु परे उनीहरूले औँठा छापको प्रयोग गर्थे। रिफलेक्ट केन्द्रमा भर्ना भइसकेपछि उनीहरू अहिले आफ्नो नाम, ठेगाना र हस्ताक्षर लेख्न सक्ने भएका छन्।

उनीहरूले प्रतिव्यक्ति प्रति महिना रु ३० बचत पनि गर्छन। उनीहरूले चार हजार कोष पनि खडा गरिसकेका छन्। उनीहरूले तरकारी खेतीको लागि कृषकहरूलाई पैँचो दिने गर्छन्। उनीहरू आफ्ना सदस्यसित १२ प्रतिशत व्याज लिन्छन् र बाहिरीसँग २४ प्रतिशत लिन्छन्। समुहमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवले अनुगमन गर्दछन।

रिफ्लेक्ट केन्द्रमा जोडिएपछि उनीहरू छात्रवृत्ति, पोषण, सरसफाई, सुरक्षित खानेपानीबारे छलफल गर्न थालेका छन्। छलफल गर्दा उनीहरूले ब्रह्मपुरको सरकारी विद्यालयहरूले दुई वर्षदेखि दलित विद्यार्थीलाई छात्रवृत्ति नदिइएको फेला पारे। त्यसपछि उनीहरूले प्रधानाध्यापकलाई छात्रवृत्ति वितरण गर्न दबाब दिए। सामाजिक परिचालकहरू र क्षेत्र सुपरिवेक्षकहरूले महिला समूहलाई समर्थन दिए। अन्ततः विद्यालय प्रशासनले १४१ दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुपऱ्यो।

पाचवा सदा

विद्यालय आउन थाले

ब्रह्मपुर वडा नं ७ निवासी बैद्यनाथ सदाका छोरा पाचवा सदा, स्वयम्सेवकहरूको लगातारको प्रयास र अनुगमनका कारणले अहिले नियमित विद्यालय जान थालेका छन्। गरिबीबाट ग्रस्त परिवारको सदस्य भएको कारणले पहिले उनी बाल श्रम गर्न बाध्य थिए।

उनको बुबालाई हेलिपलेगिया नामक रोग लागेपछि परिवारको अवस्था झन नाजुक भयो। उनी त्यतिखेर ७ वर्षका मात्र थिए, जतिखेर उनलाई १२ घण्टा काम गर्नुपर्थ्यो। शिक्षा पाउनु उनको लागि निकै परको कुरा थियो। स्वयम्सेवकहरूले यो पत्तो पाएपछि उनलाई शिक्षाको मुलधारमा ल्याउन गम्भीर छलफल आयोजना गरे । उनको आमाबुबा, उनी काम गरिरहेको ठाउँको मालिक, र स्थानीय शिक्षकहरूसँग पनि सल्लाह गरियो। प्रयासहरू सफल भए। उनी जनता रामेश्वर स्मारक विद्यालयमा जान थाले। उनको पढाइ सन्तोषजनक छ र उनलाई आसमानका कार्यकर्ताहरूको अनुरोधमा छात्रवृत्ति पनि दिइएको छ ।

एचआईभी/एडसको डर भाग्यो

धनेश्वर गरेडीका छोरा रामसुदिस गरेडी तारापटी गाविसमा बस्छन्। उनी सत्र वर्षका छन्। उ मिथिलेश्वर मौआही निमाविमा कक्षा ८ मा पढ्दैछन्। उसले धरान, दरभंगा र जनकपुर अञ्चल अस्पतालको डाक्टरसित सल्लाह लिने गर्थ्यो तर कहीँ पनि रोग निको भएन। एकदिन हरिश्चन्द्र गरेडीले उससँग कुराकानी गर्दै थियो। कुराकानीमा उसले एचआईभी र एड्स हुन नदिने उपायहरूबारे छलफल गऱ्यो। रामले हरिलाई आफ्ना समस्याहरू सुनाए। अन्ततः उ नेपाल परिवार नियोजन संघको कार्यालयमा पुगेर जाँच गरायो। अर्को चोटी पनि चाँज गरायो। अर्को चोटी पनि एचआईभी पोजेटिभ नै फेला पऱ्यो। एक हप्ता पछि उ जनकपुर अञ्चल अस्पतालमा अन्तिमपटक जाँच गराउन पुग्यो। त्यो जाँच पछि निगेटिभ भएको थाहा भयो।

धनुषा जिल्लाको गोदार गाविस वडा नं. १ मैनावतीमा कमला बचत तथा ऋण सहकारी खडा गरेपछि स्थानीय बासिन्दाहरू साहुको चर्को ब्याजबाट छुट्कारा पाएका छन्। मैनावती गाउँमा समूह बचत नहुँदा चर्को ब्याजको चपेटामा सबैजना परेका थिए। साहुबाट ब्याजमा पैसा लिनुभन्दा अर्को विकल्प पनि उनीहरूसँग थिएन। यो समूह २०५१ सालमा स्थानीय बासिन्दाहरूले गठन गरेका थिए। समूह गठन गर्दा सेभ द चिल्ड्रेन जापानको सहयोगमा गठन भएको थियो।

हिजोआज यहाँका बासिन्दाहरूमा बचतको महत्त्व बढ्दै गएको छ। बचत नै विकासको बीउ हो भन्ने चेतना उनीहरूमा आइसकेको छ। समूहबाट अहिले उनीहरूलाई खाँचो परेको बेलाबाहिर ऋण खोज्न जानु पर्दैन। उनीहरू प्रत्येक महिनाको १५ गते मासिक बैंठक बस्छन्। ती बैठकको दिन तिनीहरू ३ महिनाको भाखामा ऋण लिने गर्छन्। तीन महिनापछि फेरी बैकमै ऋण बुझाउनु पर्ने नियम छ। समूह सदस्यहरूले व्यापार गर्न, कुखुरा, हाँस पालन गर्न, खेती गर्न, बिरामीको लागि औषधि उपचार गर्न र आयआर्जनका काम गर्न ऋण पाउने गरेका छन्।

अहिले यो समूहबाट धेरै मानिसहरू प्रभावित छन्। २०५५ सालमा जिल्ला सहकारी कार्यालय धनुषामा दर्ता भएको यो समूह गरीब गाउँलेहरूको भरपर्दो साथी भएको छ। अहिले बालविकास समन्वय समितिको कार्यक्षेत्रभित्र पर्ने भरतपुर, गोदार, लवटोली र यज्ञभूमि गाविसमा रहेका ७१ वटा समूहहरूमध्ये यो एउटा समूह हो। धेरै समूहहरूले अहिले यस्तैखालका काम गरिरहेका छन्।

धेरै समस्याको वाबजुद पनि

सीता विद्यालय जान्छिन्

मुसहर समाज तराईमा पछाडि पारिएका जातहरू मध्येको एक हो। यस जातका ७ प्रतिशतमात्र शिक्षित छन्। गरिबी र चेतनाको कमीले उनीहरू शिक्षाको पहुँचमा छैनन्। बालबालिकाहरू बाल श्रम गर्न बाध्य छन्। कविलासा गाविसकी सीता कुमारी सदा पनि त्यस्तै बाल श्रमिक मध्येकी एक थिइन्। बुबा पञ्जावबाट नफर्किएपछि र आमा बितेपछि उनको जीवन कष्टकर बितिरहेको थियो। उनीसँग घरेलु बाल श्रमिक भएर बाँच्नेबाहेक अन्य विकल्प नै रहेन।

तर आसमानका स्वयम्सेवकहरूले भेटाएपछि उनको जीवन अहिले सहज भएको छ। स्वयम्सेवकहरूले सम्झाइबुझाइ गरेपछि उनका मालिक उनीलाई अन्ततः विद्यालय पठाउन सहमत भए। स्वयम्सेवकहरूले सीताको लागि प्रधानाध्यापक र शिक्षकहरूसँग पनि भेटे। उनी विद्यालय नियमित आउने सुनिश्चित गराउनको लागि पनि जोड दिइयो। यसको लागि शिक्षकहरूसँग भेटेर उनलाई हुने समस्याहरूबारे आसमानका स्वयम्सेवकहरूले जानकारी लिने गर्छन्।

रिता फेरि विद्यालय आउन थालिन्

गरिबी र चेतनाको अभावले धेरै विद्यार्थीहरूलाई अनियमित बनाएको छ। पातो गाविस वडा नं ३ निवासी रिता कुमारी सदा कक्षा ४ मा पढिरहेको बेला उनका परिवारले विद्यालय पठाउन बन्द गरिदिएका थिए। उनका बुबा राम विलास सदा दैनिक ज्यालादारीमा काम गर्दथे। उनको परिवारसँग कुनै चल सम्पति थिएन। उनको बुबालाई के आशा थियो भने छोरीले पनि कमाउन थाले परिवारको आर्थिक अवस्था सुध्रिने थियो। समाजिक अनुमगन गर्ने क्रममा आसमानका स्वयम्सेवकहरूले रितालाई भेटाए। स्वयम्सेवकहरूले उनको बुबालाई शिक्षाको महत्त्व र सरकारले प्राथमिक शिक्षाको लागि दिएको सेवा सुविधाहरूबारे जानकारी दिन सफल भए । अन्ततः बुबा रामविलास छोरीलाई विद्यालय पठाउन सहमत भए र शिक्षाको महत्त्वको तुलानामा छोरीले कमाएको पैसा केही होइन भन्ने महसुस गरे।

रिता अहिले श्री कान्तचन्द्र उच्च माविमा अध्ययनरत छिन्। उनले भविष्यमा शिक्षक बनेर गरिबी समुदायलाई शिक्षाको ज्योति प्रदान गर्ने प्रण गरेकी छिन्।

एकदशक लामो

सहकार्यको यात्रा

१९९९ मा

- आसमानको स्थापना। धनुषामा केन्द्रीय कार्यालय
- डिएफआइडीको सहायतामा सामुदायिक साक्षरता कार्यक्रम सञ्चालन
- एमभी फाउन्डसेन इन्डियासँग सम्बन्ध स्थापित

२००० मा

- सेभ द चिल्ड्रेन जापान-नेपालसँग बालविकास तथा संरक्षणमा सहकार्य स्थापित
- समुदाय परिचालनमा विशेष जोड दिइयो
- जिल्ला तथा क्षेत्रीय कार्यालयहरूको स्थापना गरियो

२००१ मा

- समावेशी नीति अपनाइयो
- महोत्तरी जिल्लामा कार्यक्रम विस्तार

२००२ मा

- विषयमा आधारित भएर तल्लो तहको योजना बनाई कार्यान्वयन
- सरकारी निकायसँग नजिकबाट सहकार्य गर्ने रणनीति अपनाइयो

२००३ मा

- सेभ द चिल्ड्रेन जापान, समाज कल्याण परिषद र आसमानबीच त्रिपक्षीय सहमति
- धनुषा र महोत्तरीमा काम छोडाउ स्कुल पठाउ अभियान सुरू
- रणनीतिक योजना प्रक्रिया र संस्थागत विकासमा जोड दिइयो। २००३-७ योजना निर्माण
- 'विद्यालयबाहिर रहेका सबै बालबालिका बाल श्रमिक हुन्' भने अवधारणा विकास

२००४ मा

- बिनरोक इन्टरनेशनलसँग सर्लाहीमा बाल श्रम उन्मुलनसम्बन्धी परियोजना लागू
- धनुषाको चारवटा गाविसमा स्थानीय स्रोत प्रयोग गरेर बाल पोषण कार्यक्रम सञ्चालन
- भिएसओ नेपालसँग असल शासन कार्यक्रमका लागि सहकार्य स्थापित

२००५ मा

- महोत्तरीमा एक्सन एड नेपालको आर्थिक सहयोगमा बाल श्रम उन्मुलन परियोजना सञ्चालन
- रुम टु रिडको आर्थिक सहायतामा धनुषा, महोत्तरी सर्लाहीमा विद्यालय पुस्तकालय परियोजना लागू
- रोटरी नेपालको आर्थिक सहयातामा विद्यालय भवन निर्माण परियोजना सुरू
- युनिसेफको सहयोगमा सन् २००५मा धनुषा, महोत्तरी र रौतहटमा विद्यालय स्वागत कार्यक्रम सञ्चालन
- आसमान र भिएसओले संस्थागत मुल्याङ्कन गर्दै कार्यहरूको प्राथमिकता निर्धारण गरियो। एक वर्षीय असल शासन कार्यक्रम तय र पाँच बर्षे सहमतिमा हस्ताक्षर

२००६ मा

- गरिबी निवारण कोषसँग सहकार्य
- विद्यालय निर्माण योजना निरन्तर। रोटरी जापानसँगको सम्झौता नवीकरण
- आसमानको रणनीतिक योजना निर्माण
- युनिसेफसँगको सहकार्यमा विद्यालय अनुगमन कार्य सम्पन्न

२००७ मा

- संस्थागत विकास गर्न भिएसओका दुईजना स्वयम्सेवकहरूको सहयोग
- ग्लोबल एक्सचेन्ज प्रोगामको लागि ब्रिटिस

काउन्सिल र भिएसओसँग सम्झौता कार्यान्यन
- नयाँ क्षेत्रको विद्यालय अनुगमनको लागि युनिसेफसँग तेस्रो पटक सम्झौता
- रुम टु रिडसँग कार्यक्रम विस्तार
- युएसएडको सहयोगमा मधेशी समुदायमा संविधान निर्माण प्रक्रियाबारे जानकारी गराइयो
- सेभ द चिल्ड्रनेसँगको सहकार्य पुनः विकास

२००८ मा

- IDCJ र JICA को सहयोमा धादिङ्गको पाँचवटा गाविसको प्राविको व्यवस्थापन सुधारको लागि कार्यक्रम सञ्चालन भयो
- जोगिमारा छात्रवृत्ति कार्यक्रम सञ्चालन
- शिक्षा मन्त्रालय र सेभ द चिल्ड्रेन जापानको सहयोगमा महोत्तरीमा विद्यालय भवन निर्माण
- रोटरी जापानको सहयोगमा धनुषा र महोत्तरीमा विद्यालय भवन निर्माण
- सेभ द चिल्ड्रेन जापानको सहयोगमा महोत्तरीमा गुणस्तरीय आधारभूत शिक्षा कार्यक्रम सञ्चालन
- धनुषा र महोत्तरीका २९ वटा गाविसहरूमा हमु स्कुल पढे जाएव परियोजना सञ्चालन
- सर्लाहीमा पनि गरिबी निवारण कोषको कार्यक्रम लागू
- धनुषा, महोत्तरी र सर्लाहीमा विद्यालय पुस्तकालय कार्यक्रम लागू
- CAFFAG support (child protection) project धनुषामा सञ्चालित
- आइएलओको सहयोग धनुषामा हरूवा/चरूवा कार्यक्रम सञ्चालित
- चाइल्ड फण्ड जापानको सहयोगमा धनुषा र महोत्तरीको ५ वटा गाविसमा ज्ञानक इजोरिया कार्यक्रम लागू
- वर्ल्ड एजुकेसनको सहयोगमा धनुषा र महोत्तरीको १४ वटा गाविसको ९० वटा विद्यालयमा विद्यालय शान्ति क्षेत्र कार्यक्रम लागू
- सेभ द चिल्ड्रेन जापानको सहयोगमा महोत्तरीको ५ वटा गाविसमा जनम देली त पडा दिअ कार्यक्रम लागू

२००९ मा

- संविधानमा छात्रा अधिकारको लागि धनुषा र महोत्तरीका सभासदसँग अन्तर्क्रियाका लागि कार्यशाला आयोजना
- कालीकोटमा समावेशी शिक्षा प्रबर्धनसम्बन्धी कार्यक्रम सञ्चालन
- महोत्तरीमा विद्यालय भवन निर्माण कार्यक्रम विस्तार
- छात्रा र दलितलाई केन्द्रित गर्दै धनुषाको अमरापुरमा ज्ञानक इजोरिया कार्यक्रम सञ्चालन
- धनुषा र महोत्तरीमा २९ गाविसहरूमा भविष्य पुनः लेख्नुहोस कार्यक्रम सञ्चालन
- सर्लाहीमा गरिबी निवारण कोषको कार्यक्रम लागू
- विद्यालय शान्तिक्षेत्र अभियानको दोस्रो चरण निरन्तरता
- धनुषा र महोत्तरीमा काम छोडाउ स्कुल पठाउ कार्यक्रम निरन्तरता
- धादिङ्गमा सिसम दोस्रो चरणको कार्यक्रम लागू
- धनुषामा गरिबी निवारण कोषको कार्यक्रम लागू

२०१० मा

- जनम देली त पढा दिअ कार्यक्रमको निरन्तर
- धनुषा र महोत्तरीको ६ वटा गाविसहरू ज्ञानक इजोरिया कार्यक्रम सञ्चालन
- धनुषामा एचआइभी/एडस कार्यक्रम सञ्चालन
- हरूवा/चरूवा कार्यक्रम दोस्रो पटक पाँच महिनाको लागि विस्तार
- सिरहा र सप्तरीमा मुसहर जातिको सशक्तीकरणको लागि फिनल्याण्डको सहयोग कार्यक्रम सञ्चालन
- धनुषा र सर्लाहीमा गरिबी निवारण कोषको कार्यक्रम लागू
- असल शिक्षा कार्यक्रम निरन्तर
- गणेश स्कुल वाग्लुङ्गमा प्रयोगशाला तथा हल निर्माणको लागि कयानेडियन कोअपरेटिभ अफिसले सहयोग
- युनेस्कोको सहयोगमा मैथिली भाषामा आधारभूत शिक्षा कार्यक्रम सञ्चालन
- यससीआइको सहयोगमा गुणस्तरीय शिक्षाको लागि एडभोकेसी कार्यक्रम सुरू
- धनुषा, महोत्तरी, सिराहा, सप्तरी तथा बारामा पीसीएफको बारेका सर्वेक्षण

२०११ मा

- जनम देली त पढा दिअ निरन्तरता
- गौआही प्राविको भवन निर्माणको लागि SCI को माध्यमबाट NCEL को सहयोग प्राप्त
- ज्ञान इजोरिया कार्यक्रम निरन्तरता
- मुसहर सशक्तीकरणका लागि दुई जिल्लाको कार्यक्रम फिनल्याण्डले सहयोग प्रदान गऱ्यो
- असल शिक्षा दिअ कार्यक्रम निरन्तरता
- कपिलवस्तुको पकडी गाविसमा समुदायमा आधारित बालपोषण कार्यक्रम नमुनास्वरूप सञ्चालन
- धनुषा एचआइभी/एडस कार्यक्रम निरन्तरता

आसमानको कार्यक्रमका लागि दस वर्षमा प्राप्त सहयोग र प्रयोग

दातृ निकाय	परियोजना	स्थान	समय	लक्षित समुह	रकम	परियोजनाको अवस्था
पिएएफ	गरिबी निवारण कार्यक्रम	सर्लाही	जुन २००६-डिसेम्बर २०११	समुदाय	रु. १४,३५,०५१	चालु
पिएएफ	गरिबी निवारण कार्यक्रम	धनुषा	जनवरी २०१०-डिसेम्बर २०११	समुदाय	रु. ११,२६,३५०	चालु
बाल कोष जापान	ज्ञानक इजोरिया	धनुषा, महोतरी	नेभेम्बर २००८ -२०११ अगष्ट	बालबालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक	रु. १,६६,३२,२९५	चालु
सिसीयो	समुदायको नेतृत्वमा दिगो र गुणस्तरीय शैक्षिक संरचना सहयोग परियोजना	बाग्लुङ्ग	मार्च २००१- मार्च २०११	बालबालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक	रु. १४,४६,८००	चालु
जाइका, एस सी	असल शिक्षा दिअ	धनुषा, महोतरी	नेभेम्बर २००९-२० ११ मार्च	बालबालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, सहयोगी संरचना	रु. ३१,२००,०००	चालु
सेभ द चिल्ड्रेन	जोखिम रहेको किशोरकिशोरीलाई एच/आइ /भी, / एडस बाट सुरक्षित गर्ने कार्यक्रम	धनुषा	जुलाई २००९ - मार्च २०११	साथि शिक्षक, एमएआरए, इमिए	रु. ६,६१,१०१	चालु
यूरोपेली यूनियन / भिएसयो	पहुच बाहिर रहेका बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षा कार्यक्रम नेपाल	सर्लाही, कैलाली, कास्की	फेब्रुअरी २०१० - मार्च २०१४	बालबालिका, शिक्षक	रु. ३७,७२,६८४	चालु
एड एट एक्सन	यूवा स्वरोजगार	बाग्लुङ्ग, सप्तरी	जुलाई-डिसेम्बर २० ११	सिमान्कृत युवा	रु. २२,०२,४९५	चालु
युनेस्को	मैथिली भाषामा आधारभुत शिक्षा कार्यक्रम	धनुषा	जुन २०१०-जुन २०११	महिला	रु. १०,३३,५६०	चालु
विएनएमटी	सुबिधाविहिन समुदायको लागि पौष्टिक कार्यक्रम	कपिलवस्तु	फेब्रुअरी - मे २०११	बालबालिका	रु. ६,७१,०००	चालु
फिनल्याण्ड राजदुतावस	मुसहर समुदायलाई शिक्षाको ज्योति	सिराहा, सप्तरी	फेब्रुअरी २०१०-मार्च २०११	मुसहर बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु.४४,०४,६५०	चालु
एससीआई एनसेल	विद्यालय भवन निर्माण	धनुषा	जनवरी-मार्च २० ११	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु. ८२९०५०	चालु
डबल्यु सी	विद्यालय शान्ति क्षेत्र	धनुषा, महोतरी	जुलाई २००८ - डिसेम्बर २०११	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु. ६,१९३,७६८	सम्पन्न
आइटिसीजे जाइका	प्राथमिक विद्यालय व्यवस्थापन सुधार कार्यक्रम	धादिङ्ग	अगष्ट २००८-२० ११ मार्च	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, भिइसी	रु.१,१६,८०,२००	सम्पन्न
सेभ द चिल्ड्रेन	जनम दियली त पढा दिअ	धनुषा, महोतरी	जनवरी २००८ डिसेम्बर २०११	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ३,१२,०९,७४५	सम्पन्न
सेभ द चिल्ड्रेन	काम छोडाउ स्कुल पढाउ	धनुषा, महोतरी	२००३-२००६	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	करीब १ लाख	सम्पन्न
विन रक इन्टरनेशनल	बालश्रम उन्मुलन कार्यक्रम	सर्लाही	२००४-२००६	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, ,सहयोगि संरचना	रु. ७० लाख	सम्पन्न
एक्सन एड	सशक्तिकरण तथा जनचेतना कार्यक्रम	महोतरी	२००५ - २००६	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. १० लाख	सम्पन्न
युनिसेएफ	विद्यालय स्वागत कार्यक्रम	धनुषा, महोतरी, रौटहट	२००५ - २००७	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ६,४३०,२५२	सम्पन्न
सेभ द चिल्ड्रेन	गुणस्तरीय आधारभुत शिक्षा कार्यक्रम	महोतरी	जनवरी -डिसेम्बर २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ४,०१,६५३	सम्पन्न
सेभ द चिल्ड्रेन	एमएहटी विद्यालय निर्माण	महोतरी	जुलाई २००८- जुन २००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु. १,५८६,०५०	सम्पन्न
सेभ द चिल्ड्रेन	सीएएएफएजी (बालसंरक्षण)	धनुषा	जुन २००७ - मार्च २०१०	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ४,६३३,६५०	सम्पन्न
सेभ द चिल्ड्रेन	गुलिभर निर्माण	धनुषा	अप्रिल २००८ - मार्च २००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु.१,९२७,४७५	सम्पन्न
सेभ द चिल्ड्रेन	फुजि टिभी क्रिउ कन्सट्रसन	धनुषा	अप्रिल २००७ - मार्च २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु.२०,००,०००	सम्पन्न
टोटोरी जापान	विद्यालय निर्माण सहयोग कार्यक्रम नेपाल	धनुषा, महोतरी	जुलाई २००६ -जुन २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु. १३,९२,६४८	सम्पन्न
युएस एड	तराईमा मोक पारलियामेन्ट कार्यक्रम	धनुषा, सर्लाही	२००७	सहयोगि संरचना	रु. २०,३२,३४०	सम्पन्न
आइएलओ	एक्सन कार्यक्रम (हरुवा चरुवा)	धनुषा	मार्च २००८ -अगष्ट २०१०	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु.३७,३६,०२५	सम्पन्न
रुम टु रिड	विद्यालय पुस्तकालय कार्यक्रम	धनुषा, महोतरी, सर्लाही	जुन २००५ - डिसेम्बर २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ	रु.१८,५५,४००	सम्पन्न
डिएनएफ/युरोपेली युनियन	समावेशी शिक्षा	कालिकोट	सेप्टेम्बर २००७-अक्टुबर २००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ३०,५८,०००	सम्पन्न
सिएएसपी जाइका	गाउँ शिक्षा योजना निर्माण कार्यक्रम	धादिङ्ग	जनवरी- डिसेम्बर २००८	भिइसी	रु. ५,५४,६२०	सम्पन्न
विट्रिस काउन्सिल	ग्लोबल एकसचेन्ज	काभ्रेपलाञ्चोक	अप्रिल २००७-मार्च२००९	युवा	रु. ३०,००,०००	सम्पन्न
वर्ल्ड बैंक	गरिब विद्यार्थीको लागि ५ त्रबृति कार्यक्रम	कैलाली, कपिलबस्तु, रोल्पा र सिन्धुली	२००७	बालबालिका, शिक्षक, अभिभावक	रु. १,४१३,०००	सम्पन्न
सेभ द चिल्ड्रेन स्वीडेन	बालविबाह उन्मुलन तथा ५ त्रा शिक्षा कार्यक्रम	धनुषा, महोतरी	जुन २००७ -डिसेम्बर २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. ६,३९,८१५	सम्पन्न
सेभ द चिल्ड्रेन	हमहु स्कुल पढे जायब	धनुषा, महोतरी	जनवरी २००८ -डिसेम्बर २००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु.७५,५०,०००	सम्पन्न
रेड	योङ्ग च्यामपियन	धनुषा, महोतरी	जुन- सेप्टेम्बर २००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु.९,००,०००	सम्पन्न
जिशिका	छात्रा शिक्षा तथा छात्रवृति सर्वेक्षण	धनुषा, महोतरी, सिराहा, बारा, पर्सा	२००९	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु.१७,५०,०००	सम्पन्न
जिशिका	राहत/ पिसीएफ शिक्षकको प्रभावकारिता कार्यक्रम	धनुषा, महोतरी,सिराहा, सप्तरी, सर्लाही, बारा	२०१०	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना	रु. १७,५०,०००	सम्पन्न
जिशिका	भिइपी, एसआइपी, मैसेज पेन्टिङ्ग र फलेजिबल स्कुल प्रोगाम २००४-२००८	धनुषा, महोतरी, रौतटहट	२००४ - २००८	बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोगि संरचना, भिइसी	रु. २३,५१,९८२	सम्पन्न

जनसमुहको परिचालन राम्रो पक्ष हो ।

आसमान नेपालले जनतालाई बालबालिका शिक्षा प्रदान गर्न तताउने काम गरेको छ । यस संस्थाले केटाकेटीलाई स्कुल लैजाउ भने जुन अभियान सञ्चालन गऱ्यो, त्यो निकै प्रभावकारी रह्यो । जनसमुहको परिचालन गर्नसक्नु यस संस्थाको विशेषता हो । यस संस्थाले आफ्नो कार्यक्षेत्रको जनतालाई उनीहरूकै लागि परिचालन गर्न सफलता प्राप्त गरेको छ । तर उपलब्धीको निरन्तरताको लागि यस संस्थाले अझै बल पुऱ्याउनु पर्ने देखिन्छ । आसमानद्वारा सञ्चालित परियोजनाहरूको अन्त्यपछि पनि उपलब्धी र प्रभाव कायम रहोस् भन्ने म शुभेच्छा प्रकट गर्न चाहन्छु ।

बाल श्रम अन्त्यको प्रयास उल्लेखनिय छ ।

आसमान नेपाल तराई-मधेश क्षेत्रको शैक्षिक, सामाजिक, सांस्कृतिक उत्थानको लागि प्रयासरत संस्था हो । यसले बाल श्रम अन्त्यको लागि गरेको कार्य उल्लेखनीय छ । यस संस्थाले दलित र जनजातिको शैक्षिक उत्थानको लागि पनि प्रशंसनीय कार्य गरेको छ । उनीहरूको क्षमता बृद्धिको लागि पनि यस संस्थाले ठुलो सहयोग पुऱ्याएको छ । आसमानले आफु कार्यरत क्षेत्रहरूमा उपलब्धी पनि राम्रो हासिल गरेको छ । र भविष्यमा पनि यसले राम्रो गर्दै जाला भन्नेमा म विश्वस्त छु । यस संस्थाको कार्य सफलताको लागि मेरो शुभेच्छा छ ।

डा.रामस्वरुप सिन्हा
पुर्व शिक्षा सचिव

भरपर्दो तथ्याङ्क सङ्कलनले प्रभावित भए ।

म आसमान नेपालले सबैको लागि शिक्षाको लक्ष्य प्राप्त गर्ने उद्देश्यले भरपर्दो तथ्याङ्क सङ्कलन गरेकोमा प्रभावित भएको थिए । आसमानले फिल्डमा नै बिफेर काम गर्ने गरेको छ । यसले लक्षित समुहमा नै लाभ दिने सुनिश्चिचता गर्दछ । यो संस्थाले लगनशील र गम्भीर भएर काम गर्ने गरेको छ । यस संस्थाले छोटो अवधिमा नै साह्रै उल्लेखनीय कार्यहरू गरेको छ । म यो संस्थाले दिनप्रतिदिन प्रगति गर्दै जाओस् र नेपालमा कुना काप्चामा पुग्न सफल होस् भन्ने कामना गर्दछु । मैले काम दिनको लागि कुनै संस्था छान्नु परे आसमान नेपाललाई प्राथमिकता दिन्छु ।

राज्यलक्ष्मी नकर्मी
शिक्षा विभाग

दबाबमा नपरी आफ्नो लक्ष्य पुरा गर्छ ।

आसमान नेपाल जनताले पत्याएको र स्वीकारेको संस्था हो । लक्षित समुहसम्म पुगेरै काम गर्नु यस संस्थाको विशेषता हो । यो संस्थाले आफ्नो उद्देश्य परिपुर्ति गर्न गाउँ-गाउँसम्म पुग्ने गरेको छ । लक्षित समुहलाई नै लाभ दिन आसमान नेपाल सचेत छ । सदरमुकाममा बसी बसी काम खोज्ने संस्थाहरूभन्दा आसमान नेपाल निकै पृथक संस्था हो । यो संस्थाले कसैको पनि दबाबमा नपरी आफ्नो निर्धारित लक्ष्य पुरा गर्ने गरेको छ । यस संस्थाको प्रगतिको लागि म शुभकामना व्यक्त गर्दछु ।

लक्ष्मण खनाल
शिक्षा मन्त्रालय

शिक्षामा गुणस्तर प्रदान गर्न अग्रणी

म २०६२ सालमा महोत्तरीमा जिशिअ थिएँ । त्यतिखेर मैले आसमान नेपालसँग काम गर्ने मौका पाएको थिएँ । उहाँहरूले विद्यालय शिक्षामा गुणस्तर प्रदान गर्न अग्रणी संस्थाको भुमिका निर्वाह गर्नुभएको थियो । उहाँहरू सम्बन्धित संस्थाहरूसँग राम्रो सहकार्य थियो । उहाँहरूद्वारा सञ्चालित कार्यक्रमको प्रभावकारीता पनि एकदमै राम्रो थियो । उहाँहरूमा सामाजिक परिचालन र प्रभावकारी अनुगमन गर्ने खुबी छ । आसमान नेपालको स्थापना भएको धेरै भएको छैन । तर यस संस्थासँग काम गर्दा निकै अनुभवी संस्थासँग काम गरिरहेको महसुस हुन्थ्यो । म उहाँहरूको निरन्तर प्रगतिको कामना गर्दछु ।

कृष्ण काप्री
शैक्षिक जनशक्ति विकास केन्द्र

आसमान नेपालको समष्टिगत कार्य नीति

बाल अधिकारको मूल सवालमा आसमान नेपालले काम गर्दै आएको छ। यसले नेपाल सरकारको सबैको लागि शिक्षा कार्यक्रमलाई सघाउँदै आइरहेको छ। नेपाल सरकारले ५ प्रतिशत बालबालिकाहरू मात्र विद्यालयबाहिर छन् भनी दावा गरे पनि व्यावहारिक रूपमा अझै पनि धेरै बालबालिकाहरू शिक्षाबाट वञ्चित छन्। उनीहरू प्रायः जसो घरायसी तथा बाहिरी कार्यमा संलग्न छन्। उनीहरू गरिब, दलित, पिछडीएका तथा उपेक्षित गरिएका र बिस्थापित परिवारबाट छन्। उमेर बढी भइसकेकाले विद्यालयमा भर्ना हुन चाँहदैनन्। विद्यालय टाढा भएकाले विद्यालय जान चाँहदैनन्। नेपाल सरकारको सेवा सुविधाहरूबारेको सूचनाबाट वञ्चित छन्। अधिकांश अभिभावकहरू अशिक्षित रहेकाले शिक्षाप्रतिको चासो अभिभावकहरूमा कम रहेको छ।

विद्यालयमा बालमैत्री शिक्षण सिकाइको वातावरणको अभावमा बालबालिकाहरू अनियमित हुन्छन्। विवाह, चाड पर्व, खेती, लामो विदा पछि बालबालिकाहरू प्रायः जसो अनियमित हुन्छन्। जसले गर्दा उनीहरू कम सिक्ने हुन्छन् र अन्ततः विद्यालय छाड्ने हुन्छन् र पुनः बाल श्रममा फर्किन्छन्। यस क्रमलाई भङ्ग गर्नको लागि आसमान नेपालले समष्टिगत कार्य नीतिलाई अगाडि सारेको छ।

सर्वप्रथम आसमान नेपालले बाल अधिकारको लागि सामुदायमा तयारी गर्ने कार्य गर्दछ। कार्यक्रमलाई प्रभावकारी, दिगो एवं स्थानीय स्तरदेखि जिल्ला स्तरसम्म सरोकारवालाहरूलाई जिम्मेवारी बनाउन एवं तिनीहरूको परिचालनको लागि विभिन्न समिति, समूह र फोरमहरूको आवश्यकता विगतको अनुभवले दिएको छ। सो कुरालाई आत्मसात गरी आफ्ना कार्य क्षेत्रका विभिन्न वर्ग, जाति पेशामा संलग्न बुद्धिजिवी, शिक्षा प्रेमी, युवा, शिक्षक महिला बालबालिकाहरू एवं परम्परागत जातीय मान्यजन र देवान (जातीय अगुवा)हरूलाई समेट्ने गरी विभिन्न समिति, समूह र फोरमहरूको विकास तथा विस्तार गर्ने लक्ष्य लिएको छ।



३-४ वर्षको बालबालिकाहरूलाई बालविकास केन्द्रमार्फत् तयारी गरी कक्षा १ मा भर्ना गर्ने कार्य गर्दछ। यसको लागि बालविकास केन्द्रको सहायक कार्यकर्तालाई तालिम, सो केन्द्रमा बस्ने तथा उपयुक्त शैक्षिक सामग्रीहरू सहयोग गर्दछ। साथै बालविकास केन्द्र र विद्यालयबीच समन्वय र अन्तर्क्रिया गराउँदछ। स.का.को मासिक बैठकबाट उनीहरूको प्रगतिको अनुगमन तथा एक अर्काबीच अनुभव आदान प्रदान गर्ने वातावरणको सृजना गर्दछ।

समुदायका ५ देखि ७ वर्षसम्मका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनका लागि स्थानीय स्तरमा जनचेतना जगाउन भर्ना अभियान सञ्चालन गरिन्छ। यसमा अभिभावकहरूलाई आफ्नो केटाकेटीहरू विद्यालय पठाउन आह्वान गर्ने उद्देश्यले ढोल पिट्ने,नारा जुलूस निकाल्ने, भित्ते लेखन, पम्प्लेटिङ्ग तथा सडक नाटकजस्ता कार्यक्रमहरू गरिन्छ। यो कार्यक्रम विद्यालयको शैक्षिक सत्र सुरू हुने बेलामा एक पटक अनिवार्य रूपले सञ्चालन गरिन्छ। आवश्यकताअनुसार बीचबीचमा पनि भइराख्छ। कार्यक्रम विद्यालय व्यवस्थापन समिति, युवा समिति, महिला समिति, टोल समिति तथा बाल समितिको सक्रियतामा टोलटोलमा सञ्चालन हुन्छ। त्यस्तै विद्यालयमा नयाँ भर्ना हुने बालबालिकाहरूलाई शिक्षक / प्रअद्वारा फूल माला अबिरले स्वागत गरिन्छ। यसैबेला विद्यालय भर्नाको समयमा चाहिने आवश्यक कुराहरूबारे समुदायलाई जानकारी गराइन्छ। कक्षा १ मा भर्ना भएर छाड्नेहरूको संख्या आफैँमा अत्यधिक रहेकोले यस्ता कक्षा छाडी पुनःभर्ना नभएका बालबालिकाहरूलाई पुनःभर्ना गर्न विशेष भर्ना अभियान सञ्चालन गरिन्छ।

त्यसरी नै ८-१४ वर्षका विद्यालयबाट वञ्चित बालबालिकाहरूलाई ब्रिज कोर्षको माध्यमबाट तयार गराइ उनीहरूको उमेर र रुचीअनुसारको कक्षामा भर्ना गराइ शिक्षाको मूलधारमा ल्याउने प्रयास गरिन्छ। यसको लागि सकालाई तालिम, सो केन्द्रमा बस्ने तथा उपयुक्त शैक्षिक सामग्रीहरू सहयोग गर्दछ। केन्द्र र विद्यालयबीच समन्वय र अन्तर्क्रिया गराइन्छ। सकाको मासिक बैठकबाट उनीहरूको प्रगतिको अनुगमन तथा एक अर्काबीच अनुभव आदान प्रदान गर्ने वातावरणको सृजना गराइन्छ।

५ देखि ७ वर्षसम्मका गरिब, दलित, पिछडिएका, उपेक्षित गरिएका र विस्थापित तथा विद्यालयबाट टाढा रहेका विद्यालयबाट वञ्चित बालबालिकाहरूको लागि शाखा विद्यालयमार्फत् उनीहरूलाई शिक्षाको मूलधारमा ल्याउने प्रयास गरिन्छ। यसको लागि सकालाई तालिम, सो केन्द्रमा बस्ने तथा उपयुक्त शैक्षिक सामग्रीहरू सहयोग गरिन्छ। साथै केन्द्र र विद्यालयबीच समन्वय र अन्तर्क्रिया गराउँदछ। सकाको मासिक बैठकबाट उनीहरूको प्रगतिको अनुगमन तथा एक अर्काबीच अनुभव आदान प्रदान गर्ने वातावरणको सृजना गरिन्छ।

सबै बालबालिकाहरू विद्यालय भर्ना नहुनु एउटा समस्या हो भने भर्ना भएका बालबालिकाहरू नियमित रूपमा विद्यालयमा पढ्न नजानु अर्को समस्या हो। औपचारिक विद्यालयमा भर्ना भएका बालबालिकाहरूको नियमितताको अवस्था हेर्दा जम्मा ७० प्रतिशत बालबालिकाहरू मात्र नियमित देखिन्छन्, भने बाँकी ३० प्रतिशत बालबालिकाहरू अनियमित रहेका छन्। अनियमितताको कारणलाई हेर्दा मुख्य रूपमा विद्यालयमा बालमैत्री वातावरण नहुनु, विद्यार्थी अनुपातमा शिक्षक तथा कक्षा कोठा नहुनु, विद्यार्थीहरू बढी भन्दा बढी घरायसी काममा व्यस्त हुनु, पूरा घण्टी पढाइ नहुनु, किताब, कापी र कलमको व्यवस्थामा कमी हुनु आदि प्रमुख रूपमा रहेका छन्। विद्यार्थीहरूको अनियमितताले गर्दा उनीहरूको शैक्षिक स्तर दिनानुदिन खस्किदो अवस्थामा छ। तसर्थ आसमान नेपालले आफू कार्यरत टोलका बालबालिकाहरूको नियमितताको लागि बाल अधिकार संरक्षकहरूको व्यवस्था गरेको छ । उनीहरूले बालबालिकाहरूको निरन्तर अनुगमन गर्दछन्। अनियमित बालबालिकाहरूको घरभेट गर्दछन्। आवश्यक परेमा समुदायको बैठकको आयोजना गर्दछन्। कम सिक्ने, कक्षा छोड्ने बालबालिकाहरूलाई ट्यूसन पढाउनेजस्ता कार्यहरू गर्दछन्।